नेपाल सरकार
# गृह मन्त्रालय

फोन नं.:०१-४२११२०८
०१-४२११२१४
फ्याक्सः ०१-४२११२८६
०१-४२११२५७
इमेल:control@moha.gov.np

सिंहदरवार,
काठमाडौं, नेपाल।

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

## प्रेस विज्ञप्ति

देशका विभिन्न स्थानबाट काठमाण्डौ आउने यात्रुहरुको काठमाण्डौ उपत्यका प्रवेश नाकामा कोभिड-१९ सम्बन्धी चेकजाँच गर्दा ठूलो संख्यामा यात्रुहरुमा कोभिड-१९ पोजिटिभ पाइएकोले नाकाहरुको आवागमनमा पूर्ण निगरानीका साथ चेकजाँचको आवश्यक व्यवस्था हुन, अर्को आदेश नभएसम्मका लागि अत्यावश्यक सेवा र ढुवानी बाहेक आज मिति २०७७/०४/१५ गतेदेखि लागु हुनेगरी प्रत्येक दिन साँझ ७:०० बजेदेखि विहान ७:०० बजेसम्म काठमाण्डौ उपत्यका प्रवेश नाकामा यात्रुहरुको आवागमन पूर्ण रुपमा बन्द गर्न गराउन, काठमाण्डौ उपत्यका बाहेकका जिल्ला प्रशासन कार्यालयहरुले पनि अत्यावश्यक काममा बाहेक अन्तर जिल्ला सवारी आवागमन पास जारी नगर्न एवं बिना पास अन्तर जिल्ला आवागमन पूर्ण रुपमा बन्द गर्न गराउन सवै सुरक्षा निकाय र सवै जिल्ला प्रशासन कार्यालयहरुमा विशेष निर्देशन जारी गरिएको व्यहोरा सम्बन्धित सवैको जानकारीको लागि हार्दिक अनुरोध छ ।

२०७७/०४/१५

मितिः २०७७।०४।१५

उमाकान्त अधिकारी
सह-प्रवक्ता